सुदूरपश्चिम विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय

**स्नातक तह सातौं सेमेस्टरको पूरक परीक्षा (Supplementary Exam) दिने परीक्षार्थीहरूको (Online) परीक्षा आवेदन फाराम प्रविष्टि गर्ने सम्बन्धी सूचना।**

**सूचना प्रकाशित मिति : २०८३।०२।२२ गते**

सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ (दोस्रो संशोधन सहित २०८०) को परिच्छेद ४ को नियम ४.१.५. वमोजिम चार वर्षे शैक्षिक कार्यक्रमकालागि सातौं समेस्टरमा मात्र **पूरक परीक्षा (Supplementary Exam)** को व्यवस्था गरेकोले सातौं सेमेस्टरको परीक्षामा "नियमित रूपमा सहभागी भई सैद्धान्तिक परीक्षामा बढीमा दुई विषयमा मात्र अनुत्तीर्ण भएका विद्यार्थीहरू भागलिन पाउने छन्" भन्ने व्यवस्था भए अनुसार सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा २०८३ सालमा संचालन हुने स्नातक तह अन्तर्गत ***सातौं*** सेमेस्टरको पूरक परीक्षामा सहभागीहुने परीक्षार्थीहरू स्वयम्ले यस कार्यालयको **Website: www.fwuexam.edu.np** मा **Online Portal** मा **Login** गरी या **www.exam.fwu.edu.np** मा **Login** गरी **मिति २०८३/०३/०५ गते** सम्म निम्नानुसार आ-आफ्नो विवरण प्रविष्टि गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निम्न**

१. फाराम भर्दा वि.वि को नियमावली/(स्वीकृत विषय) तथा पाठ्यक्रमले तोके वमोजिम विषयहरू मात्र भर्नु पर्ने छ। अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन।

२. यस कार्यालयको **Website: www.fwuexam.edu.np मा Online Portal** मा **Click** गरी **Login** गर्ने या **www.exam.fwu.edu.np** मा गई **Login** गर्ने। **Login** गर्नको लागि **User Name** मा आफ्नो **रजिष्ट्रेसन नम्वर** राख्ने र **Password** मा आफ्नो **जन्म मिति** राख्ने। यसरी पहिलो पटक **Login** गरेपछि विद्यार्थीले अनिवार्यरुपमा **Password Change** गर्नु पर्नेछ। यसरी **Password Change** गर्नको लागि **Current Password Box** मा सोही **Password** (जन्म मिति) राख्ने, **New Password Box** मा नयाँ **Password** राख्ने र **New Password Confirm Box** मा नयाँ राखेको **Password** पुनः राखेर **Save Changes** मा **Click** गर्ने। यसरी **Password Change** गरिसकेपछि पुनः रजिष्ट्रेसन नम्वर र नयाँ परिवर्तन गरेको **Password** राखी **Login** गर्नु पर्ने छ।

३. त्यसपछि पेजको दायाँपट्टी देखिने पहिलो वक्समा विद्यार्थीले पासपोर्ट साइजको दुवै कान प्रष्ट देखिने गरी Background क्लियर भएको फोटो र दोस्रो वक्समा लाइन नभएको सेतो कागजमा हस्ताक्षरको वढिमा **2MB** को **.jpg** वा **.png file Upload** गर्ने।

४. पेजको वायाँपट्टी **Dash board** मा रहेको **Exam forms** मा या **Pencil (✎)** जस्तो देखिने चित्रमा **Click** गरेर आफूले फाराम भर्ने सङ्काय, तह, समेस्टर र परीक्षा वर्ष लेखेको समूह (Exam Schedule) को दायाँपट्टी रहेको स्नातक तहको लागि **Pay Rs 800** मा **Click** गर्ने।

५. त्यसपछि शुल्क भुक्तानिको लागि तलपट्टी रहेको खल्ती **Khalti App** वा **Connect IPS** वा **eSewa** को चित्र **(Icon)** मा **Click** गर्ने र आफ्नो **Khalti/Connect IPS/eSewa** को **ID/Username** र **Passsword** राखी **Submit** मा **Click** गर्ने।

६. शुल्क भुक्तानी गरिसकेपछि सम्वन्धित सेमेस्टरका सबै विषयहरू देखिने छन्। विद्यार्थीहरूले आफूले परीक्षा दिने विषय Theory Column को **Check Box (☐)** मा **Tick (☑)** गर्ने। (विषय छनोट गर्दा फरक विषयहरू छनोट गरेको खण्डमा परीक्षा दिन पाइने छैन। त्यसैले विषय छनोट गर्दा प्रत्येक विद्यार्थीहरूले आ-आफ्नो विभाग/क्याम्पसमा गएर विषय र कोड नम्वर अनिवार्य थाहापाउनु पर्ने छ। अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन।)

७. विषय छनोट गरिसकेपछि तलपट्टी रहेको **Submit Application** मा **Click** गर्ने।

**नोटः क्याम्पस/विभागले : (१)आ-फ्नो विद्यार्थीले भरेका प्रत्येक फारामहरू रूजु गरेर Submit गर्नु पर्नेछ।**

**परीक्षा नियन्त्रक**

CamScanner